Nepali

# हस्तछेप

# आदेशको

## बारेमा  जानकारीमूलक सुचना

# अनुसुची


| | |
|---|---|
| घरेलु हिन्शा भनेको के हो | 3 |
| हस्तछेप आदेश भनेको के हो? | 3 |
| म कसरी हस्तछेप आदेश पाउन सक्छु? | 4 |
| पुलिश बाट जारी आदेश | 4 |
| जब पुलिश ले आदेश जारी गर्दछ अनी के हुन्छ? | 5 |
| अदालत बाट जारी आदेश | 5 |
| अदालत मा निबेदन को सुनुवाई को लागि उपस्थित हुँदै | 7 |
| जब हस्तछेप अदेश प्रदान  गरिन्छ अनी के  हुन्छ? | 8 |
| त्यस्पछी के हुन्छ? | 8 |
| यदी अर्को मान्छे ले आदेश तोडे के हुन्छ? | 9 |
| पारिवारिक अदालत को आदेश मा के हुन्छ? | 9 |
| यदी मलाई हस्तछेप आदेश परिवर्तन गर्नु परे के हुन्छ? | 10 |
| मद्दत् को लागि कहाँ फोन गर्ने? | 11 |

# घरेलु हिन्शा भनेको के हो?

घरेलु हिन्शा नजिक को नाता जस्तै श्रीमान श्रीमती, सँगै बस्ने, प्रेमिका या परिवार भित्रैको अरु मान्छे मा एक ले अर्को लाई गर्ने एक प्रकार को दुरव्यबहार हो। घरेलु हिन्सा धैरै रुप मा हुन्छ जस्तै शरीरिक र यौन हिन्सा, दुरबचन, डर धम्की देखाउनु, सामाजिक र भाबनात्मक दुर्व्यबहार, झन्झट दिनु, आर्थिक समस्या मा पार्नु र सम्पति को नोक्सान गरिदिनु। यो हाम्रो समाजको जुनसुकै भाग, सबै सन्स्क्रिती र सबै उमेर मा भैरहेको हुन्छ।

घरेलु हिन्सा लाई कहिले काही घरेलु दुर्व्यबहार अथवा पारिवारिक हिन्सा को रुप मा लिइन्छ। जुनसुकै नाम दिए पनि यि सबै दुर्व्यबहार हरु हाम्रो समाज मा आमांय छ र यिनिहरु मध्य केही प्रस्ट रुपमा कनुन को खिलाफ छन।

साउथ अष्ट्रेलिया पुलिस लाई यो पहिचान छ कि घरेलु हिन्सा को असार पीडित, उनिहरुको बच्चा, परिवार र साथी मा धैरै नोक्सन पुर्यौने किसिम को हुन्छ। पुलिस ले सबै भन्दा बदी प्राथमिकता पीडित र उनिहरुको बच्चा हरुको रक्षा र सुरक्षा को लागि दिन्छ। र जसरी हुन्छ हिन्सा गर्ने लाई समत्ने प्रयास गर्छ।

हस्तछेप आदेश (पहिले को नाम चेतावनी आदेश) ले तपाईं र तपाईं को परिवार लाई सुरक्षा गर्दछ यदी तपाईं घरेलु हिन्सा बाट पीडित हुनुहुन्छ भने। यो पर्चा ले यदी तपाईंले पुलिस लाई हस्तछेप आदेश को लागि संपर्क गर्नु भयो भने के हुन्छ भनेर बताउछ। हामीलाई आसा छ यस्ले तपाईंको प्रश्न को उत्तर दिनेछ र तपाईंलाई के गर्ने भनेर निर्णय गर्न सहयोग गर्दछ।

## हस्तछेप आदेश भनेको के हो?

हस्तछेप आदेश पुलिस अथवा अदालत बाट जारी गरिएको आदेश हो, जस्ले कुनै ब्यक्ती ले तपाईं माथि दुर्व्यबहार गरिरहेको छ भने उस्लाई त्यसो गर्न बाट रोक्छ। अर्को ब्यक्ती लाई बिभिन्न आदेश दिन सकिन्छ जस्तै तपाईंको घर र कार्यालय मा नाउन, तपाईंको बच्चा हरुको स्कुल मा नजान, तपाईंको पछी नलाग्न र तपाईंलाई नहेर्न, तपाईंलाई फोन नगर्न र मोबाईल फोन मा खबर नपठाउन। अर्को ब्यक्ती लाई अरु आदेश नि हुन सक्छ जस्तै उस्ले तपाईं सँगै घर बाडेर बसेको भए घर बाट निस्केर जान। आदेश बिशेष गरेर तपाईं र तपाईंको अवस्था हेरेर जारी गरिन्छ।

**यो अर्को मान्छे (जो दोशी छ) त्यस्को लागि आदेश नमन्नु नियम को उलेघन गर्नु बराबर हुनेछ। यस्लाई नियम तोड्नु भनिन्छ। तपाईंलाई त्यो मान्छे ले नियम तोडेको जस्तो लागेमा पुलिस लाई भन्नु पर्छ।**

## म कसरी हस्तछेप आदेश पाउन सक्छु ?

हस्तछेप आदेश पुलिस बाट जारी  हुन सक्छ (जस्लाई तदर्थ हस्तछेप आदेश भनिन्छ) अथवा अदालत बाट जारी हुन्छ। प्रत्यक करण मा आदेश जारी गर्न को लागि केही न केही आधार हुनै पर्छ। यस्को मतलब पुलिस अथवा अदालत लाई लाग्नु पर्छ कि तपाईं अर्को को दुर्व्यबहार को  पात्र  भैरहनु हुनेछ जब सम्म कुनै हस्तछेप आदेश तपाईंको मद्त को लागि जारी हुँदैन। दुर्व्यबहार का धेरै उदाहरण छन, पुलिस ले तपाईंको अवस्था बारेमा सुन्छन र हस्तछेप आदेश जारी गर्न को लागि आधार पर्याप्त छ कि छैन भनेर भन्छन।

यदी तपाईं सँग आधार छ भने पुलिस ले निधो गर्नेछन कि या त सिधै हस्तछेप अदेश तपाईं लाई दुर्व्यबहार गर्ने को बिरोधमा जारी गर्ने अथवा अदालत मा आदेश् को लागि निबेदन दिन सहयोग गर्ने। कुन तरिका को प्रयोग गर्ने भन्ने कुर परिस्थिती ले निधो गर्नेछ। प्रत्येक् तरिका यो पर्चा मा बर्णन गरिएको छ। तपाईंले दुबै तरिका पढ्नु पर्छ त्यस्पछी तपाईंलाई थाहा हुन्छ के गर्ने भनेर।

## पुलिश बाट जारी आदेश

यदी घरेलु हिन्सा भएको ठाउँ जहाँ कोही मान्छे ले अपराधीक कृयाकलाप गरेको छ, त्यो ठाउँ मा पुलिस लाई बोलाएको छ भने, अथवा कसैले  अपराधिक कृयाकलाप गर्ने धम्की दिएको  छ भने र त्यो मनिष त्यही उपस्थित छ अथवा पुलिस को हिरासत मा छ भने , त्यस्तो अवस्था मा पुलिस तदर्थ हस्तछेप को आदेश् जारी गर्न सक्षम हुनेछ साथ् साथै लगाएको आरोप को बारेमा अनुसन्धान गर्नेछ।

सर्ब प्रथम, पुलिस ले तपाईं सँग के भएको हो भन्ने थाहा पाउन कुरा सोध्नेछन। तिनिहरुले तपाईं र तपाईंको बच्चा माथि हुन सक्ने खतरा को मुल्याङ्कन गर्नेछन। यदी उनिहरुलाई लाग्नेछ कि त्यह हस्तछेप आदेश् को लागि पर्याप्त आधार छ, र त्यो आदेश् ले तपाईंलाई अरु धेरै हानी हुन बाट जोगाउने छ, उनिहरुले अन्तरिम आदेश त्यही बेला लेख्ने छन र जारी गर्नेछन। तपाईंको बच्चा बच्ची लाई नि आदेश् मा समाबेश गर्न सकिन्छ, यदी उनिहरु नि खत्रा मा छन भने।

प्रकृया को एउटा भाग को रुपमा, पुलिस लाई तपाईंको बयान चाहिने छ, जस्मा के भएको थियो र तपाईंलाई किन हस्तछेप आदेश चाहियो भन्ने उल्लेख हुनेछ। यदी पुलिस ले तपाईंको बयान पहिले नै लिएको छ भने, उनिहरु त्यही बयान प्रयोग गर्न सक्नेछन।

त्यह अरु  महत्वपूर्ण सुचना हरु हुन सक्छन, जुन तपाईंले पुलिस लाई भन्नु पर्ने हुन्छ। उदाहरण को लागि यदी तपाईंलाई लाग्छ अर्को मान्छे सँग बन्दुक छ भनेर, निस्चित रुपमा पुलिस लाई बताउनु होल। यो किनकी यदी हस्तछेप आदेश् जारी भयो भने, पुलिस ले आरोपी बाट जुनसुकै बन्दुक हतियार खोस्नेछन र पुलिस चौकी मा राख्नेछन।

यदी त्यहा पारिवारिक अदालत को आदेश् छ भने यो पनि तपाईंले पुलिस लाई भन्नु पर्नेछ। यो किनकी पुलिस ले यो सुनिस्चित गर्छन् कि तपाईंको हस्तछेप आदेश् अदालत को आदेश् सँगै काम गर्नेछ। यदी तपाईं सँग पारिवारिक अदालत को आदेश छ भने, यो पुलिस लाई दिदा सहयोगी हुनेछ। यदी तपाईं सँग छैन भने, पुलिस ले एक कपी पारिवारिक अदालत बाट लिन सक्नेछ।

## जब पुलिश ले आदेश जारी गर्दछ अनी के हुन्छ ?

जब हस्तछेप आदेश लेखिन्छ, त्यस्पछी पुलिस ले एक कपी आरोपी लाई दिन्छ र आदेश् को बारेमा बुझाउछ। जती सक्दो चाडो आरोपी लाई हस्तछेप आदेश को प्रती दीइन्छ, आरोपी ले सबै आदेश् मा लेखिएको सर्त हरु मान्नु पर्छ।

पुलिस द्वारा जारी हस्तछेप आदेश् तुरुन्तै सुरु भाईहाल्छ।

तपाईंलाई पनि आदेश् को एक प्रती उपलब्ध हुनेछ। वास्तवमा हरेक ब्यक्ती जो रक्षा गर्नु पर्ने ब्यक्ती को रुपमा दर्ता छ, उस्ले एक प्रती पाउनेछ। त्यसकारण यदी तपाईंको बच्चाहरु को नाम दर्ता छ भने, उनिहरुले एक प्रती पाउनेछन, अथवा यदी उनिहरु धैरै साना छन भने, उनिहरु को प्रती तपाईंलाई नै उपलब्ध हुनेछ।

आदेश् जुन पुलिस ले तयार गर्दछ, त्यो आरोपी लाई अदालत मा हाजिर हुनको लागि आदेश् पानी हो। यस्मा अदालत को सुनुवाई को लागि समय, मिती र ठाउँ उल्लेख गरिएको हुन्छ। साधारणतया, यो आदेश् जारी भेएको आठ दिन भित्रमा हुन्छ। गाउ तिर , यस्ले यो भन्दा लामो समय लिना सक्छ, किन्की अदालत को सुनुवाई छिटो छिटो नहुन सक्छ। **तपाईंलाई यो पहिलो अदालत को मिती मा जानु पर्दैन।**

यस्को सुनुवाई मा, न्यधिश ले आदेश् को पुन जाच गर्छन् र यदी उनिहरु सहमत् भए, उनिहरु ले यस्को प्रमाणित गर्छन् , अथवा परिवर्तन गर्छन् आथवा रद्द गर्छन्।

पुलिस को अधिकारि ले तपाईंलाई सुनुवाई को नतिजा को बारेमा बताउछन।

## अदालत बाट जारी आदेश

अरु परिस्थितीमा जुन कम जरुरी का हुन्छन, अथवा जव अर्को मान्छे त्यहा उपस्थित हुँदैन, तपाईंले हस्तछेप आदेश जारी गराउन अदालत मा निबेदन दिनु पर्छ। पुलिस ले यस्को लागि नि तपाईंको तर्फ बाट निबेदन तयार गरेर तपाईंलाई सहयोग गर्छ।

**सबै भन्दा साधारण तरिका भनेको पुलिस चौकी जाने, जहाँ पुलिस ले तपाईंलाई के भएको भन्ने सोधखोज गर्छ र तपाई सँग हस्तछेप आदेश को लागि पर्याप्त आधार छ कि छैन भनेर निर्णय गर्छ।** यदी तपाईं सँग आधार छ भने, तपाईंको अबस्था र तपाईंलाई आदेश चहिनु को कारण हरुको बयान गर्दै पुलिस ले तपाईं सँग बयान लिन्छ।

तपाईंको बयान दिनलाई धेरै घण्टा लाग्न सक्छ, त्यसकारण यो समय लाई घटाऊनु, तपाईंले सके सम्म तयार र योजन बद्द हुन कोशीश गर्नु। तपाईंको बयान लाई सहयोग पुग्न सक्ने प्रमाण र सुचाना सँगै राख्नु। यस्मा निम्न लिखित कुरा हरु पर्छन:

- तपाईंले अर्को मान्छे ले के गरिरहेको छ भनेर तयार पारेको लेख, जस्मा कहिले र कहाँ घटना भएको भन्ने उल्लेख हुन्छ।
- कुनै तस्बिर अथवा त्यो मान्छे ले तपाईंको सम्पत्ति मा गरेको छयती को कुनै प्रमाण।
- अर्को मान्छे ले तपाईं लाई चिट्ठी, ईमेल अथवा मोबाईल को सन्देश पठाएको हुन सक्छ त्यस्को प्रती
- यदी तपाईंले डाक्टर लाई देखाउनु भएको छ भने, स्वास्थ्य सम्बन्धी जानकारी र बिवरण
- तपाईंको बच्चा मा लागु हुने पारिवारिक अदालत को आदेश को प्रती

फेरी पनि , यदी तपाईंलाई अर्को मान्छे सँग बन्दुक छ भन्ने लाग्छ भने पुलिस लाई भन्नुहोस्। यदी हस्तछेप आदेश बन्यो भने, आरोपी बाट बन्दुक खोस्न को लागि नि अदालत ले आदेश जारी गर्दछ।

यदी सम्भब भएमा, तपाईंको बच्चा हरुलाई अदालत मा लिएर नजानु राम्रो हुनेछ, जस्ले गर्दा उनिहरु लाई तपाईंले बयान दिद खेरी मा नचहिने दवाब पर्दैन। तपाईंको परिस्थिती को बारेमा पुलिस सँग कुरा गर्नु शायद तपाईंको लागि दु:खद हुन सक्छ, जस्ले गर्दा तपाईंको बच्चाहरुलाई दु:ख पुग्न सक्छ। यद्दपी तपाईं सँग बच्चा हरुको हेर्चाहा को लागि अर्को ब्यबस्था छैन भने, तपाईं बच्चा हरुलाई तपाईं सँगै पुलिस चौकी लिएर आउन सक्नु हुन्छ।

तपाईंको बयान एकचोटी पुरा भए पछी, पुलिस ले अदालत को कगाजात तयार गर्छ जुन पुलिस को अपराधीक न्याय बिभाग मा पठाइन्छ। पुलिस का वकिल हरुले अदालत मा आदेश को लागि निबेदन दिन लाई पर्याप्त आधार हरु छ कि छैन भनेर जाच बुझ गर्छन्। यदी छ भने पुलिस तपाईंको लागि अदालत मा जान्छ।

**तपाईं अदालत सम्म आउनु पर्छ, यद्दपी तपाईं ले बोल्नु पर्ने कुरा सबै पुलिस ले बोलिदिन्छ।**

अदालत मा निबेदन को बेला, त्यो मान्छे जस्को बिरुद्द मा तपाईं हस्तछेप आदेश जारी गराउन चाहनु हुन्छ, ऊ अदालत मा उपस्थित हुँदैन। यदी त्यो मान्छे अदालत मा कुनै अर्को कारण ले गर्द उपस्थित भएमा र तपाईंले असुरछित महसुस गरेमा, पुलिस अधिकारि अथवा अदालत को कर्मचारी लाई भन्नुस्।

# अदालत मा निबेदन को सुनुवाई को लागि उपस्थित हुँदै

यदी तपाईंले अदालत बाट हस्तछेप आदेश जारी गराउनको लागि निबेदन तयार गर्नु भएको  छ भने, पुलिस ले तपाईंलाई कुन मिती र समय मा कुन अदालत मा जाने भनेर भन्छ।

तपाईं केही मिनट चाडो आउनु भयो भने तपाईंले सुरक्षा जाच सकेर मेरो मुद्दा को सुनुवाई कुन कोठा मा हुँदै छ भनेर थाहा पाउन सजिलो हुन्छ। सुचना डेस्क मा बसेका कर्मचारी ले तपाईं कुन कोठा मा जानु पर्छ भनेर भन्न सक्छन।

यदी तपाईं ढिला हुनु भयो अथवा अदालत मा पुग्न सक्नु भएन भने, पुलिस अथवा अदालत मा फोन गर्नुस् र कारण दिनुस्।

यदी तपाईं **महानगरीय** अदालत मा जादै हुनुहुन्छ भने, पारिवारिक हिन्सा अनुसन्धान बिभाग को पुलिस अधिकारी ले तपाईंलाई भेट्छ र सोध खोज गर्छ। यदी तपाईं **कन्ट्री** अदालत मा जादै  हुनुहुन्छ भने पुलिस को वकिल ले तपाईं लाई संपर्क गर्नेछ।

त्यहा अदालत मा आदेश को लागि निबेदन दिएका अरु धेरै मनिस हरु हुन सक्छन, त्यसकारण तपाईंलाई न्ययाधिश् ली तपाईंको निबेदन को सुनुवाई गर्ने पालो आउने बेला सम्म अदालत कोठा को बाहिर पर्खन भनिने छ। यो तपाईंको ब्यक्तिगत सुचना को रक्षा को लागि हो।

जब न्ययाधिश् तपाईंको निबेदन सुन्न तयार हुन्छन, अदालत को अधिकारि ले तपाईंलाई अदालत को कोठा भित्र आएर पछाडि को सिट मा बस्न भन्नेछन। जब तपाईं त्यो मान्छे जस्को बिरुद्दमा आदेश जारी गराउन चाहनु हुन्छ, उस्को नाम सुन्नुहुन्छ, त्यस्पछी मुद्दा सुरु हुन्छ। यो अदालत को औपचारिकता हो र यस्को अर्थ न्यायाधिश तपाईंको निबेदन हेर्न तयार छन।

**तपाईं बसिरहनु पर्नेछ। तपाईंलाई न्यायाधिश, अदालत को कर्मचारी अथवा पुलिस अधिकारिले केही नभन्दा सम्म केही गर्नु पर्दैन।**

यदी न्यायाधिश लाई केही कुर प्रस्ट गर्न मन लाग्यो भने, उनिहरुले तपाईंलाई काठघरा मा प्रश्न सोध्न को लागि बोलाउन सक्छन। प्रयजसो उनिहरुले तपाईंलाई पछाडि कै  सिट मा  बस्दा नै प्रश्न सोध्छन, र तपाईंले त्यही बसी बसी उत्तर दिन सक्नु हुनेछ। पुलिस अधिकारि लाई नि अरु धेरै सुचन चहिए तपाईं सँग सोध्न सक्नेछन। प्रश्न राम्रो सँग सुन्नुस् र सहि उत्तर दिनुहोस्। जब न्यायाधिश ले आफ्नो निर्णय गर्छन्, ऊ अथवा उनिले तपाईंलाई हस्तछेप आदेश जारी भयो कि भएन र सर्त हरु के के छन भने भन्छन।

यदी तपाईंले केही छुटाउनु भयो अथवा केही बुझ्नु भएन भने तपाईंले सरकारी वकिल अथवा पारिवारिक हिन्सा पुलिस अधिकारि लाई सुनुवाई पछी सोध्न सक्नु हुन्छ र उनिहरुले क् भयो भनेर बयन गर्छन् र तपाईं सँग कुनै प्रश्न भए उनिहरुले उत्तर दिन्छन।

## जब हस्तछेप अदेश प्रदान गरिन्छ अनी के  हुन्छ ?

जब पुलिस ले हस्तछेप आदेश जारी गर्छ, यो जब पुलिस अधिकारि ले आरोपी लाई **पत्र दिन्छ अनी सुरु भाईहाल्छ।** जब अदालत ली आदेश जारी गर्छ यो बुझ्नु जरुरी छ कि **जब सम्म पुलिस ले आरोपी लाई पत्र दिदैन तब सम्म सुरु हुँदैन।** यस्को लागि अदालत को आदेश पछी केही दिन लाग्न सक्छ यद्दपी पुलिस ले जती सक्दो चाडो दिन कोशीश गर्नेछ।

यदी सम्भब भएमा, कसैलाई पनि पुलिस ले आरोपी लाई आदेश को पत्र दिदैछ भनेर नभन्नु, किनकी आरोपी ले सुनियोजित रुपमा पुलिस लाई छल्न सक्छ र आदेश पत्र बुझाऊन सकिदैन। यदी त्यो आरोपी लाई भेट्न गर्हो भयो भने, तपाईंले पुलिस लाई त्यो मान्छे भेट्न सकिने ठेगाना र ठाउँ हरु बताएर पुलिस लाई सहयोग गर्न सक्नु हुनेछ।

**पुलिस ले तपाईंलाई कहिले आदेश बुझाईयो भनेर भन्नेछ**, तरपनी यदी तपाईं आदेश ले काम गर्न सुरु गर्‍यो कि गरेन भनेर चिन्तित हुनुहुन्छ भने , नजिक को पुलिस चौकी मा कुनै पनि बेला सोध्न सक्नु हुनेछ।

अदालत ले जारी गरेको आदेश संगै, तपाईंले **तीन प्रती** हस्तछेप को आदेश य त मेल मा कि अदालत गएअको केही दिन पछी पुलिस बाट पाउनु हुन्छ। एक प्रती सुरछित ठाउँ मा राख्नु राम्रो हुनेछ, अर्को प्रती तपाईं संगै (हाते झोल वा गाडी मा) र तेस्रो प्रती जो कोही चहिने ब्यक्ती ( काम गर्ने ठाउँ, बच्चा को स्कुल) मा दिनु होल। तपाईंलाई आबस्यक परे अरु प्रती नि बनाउन सक्नु हुन्छ।

तपाईं सँग भएको प्रती राम्रै पढ्नुहोस्, जस्ले गर्दा तपाईंलाई थाहा हुन्छ कि आरोपित ब्यक्ती ले के के गर्न सक्छ र के के सक्दैन। त्यसरी आरोपित ले सर्त हरु तोड्यो भने तपाईंलाई थाहा हुन्छ, यस्थो अवस्था मा तपाईंले पुलिस लाई संपर्क गर्नु पर्छ।

## त्यस्पछी के हुन्छ ?

हस्तछेप आदेश मा **यदी आरोपी लाई सर्त हरु मन्जुर छैन भने** अदालत मा जाने मिती तोकिएको हुन्छ। यो  पुलिस र अदालत दुबै द्वारा जारी आदेश मा लागु हुन्छ। पुलिस ले असहमती हरु को समाधान गर्ने प्रयास गर्छ र केही कुर परिवर्तन भएमा तपाईंलाई खबर गर्छ।

यदी आरोपित ब्यक्ती अदालत को सुनुवाइ पछी नि अजैसम्म असहमत भए, त्यस्पछी अर्को अदालती कारबाही हुन्छ। यो अवस्था मा तपाईंलाई अदालत मा बोलाउन सकिन्छ र यदी आदेश  बिबाद्स्पद भाए तपाईंले प्रमाण हरु पेश गर्नु पर्छ। यदी जुनसुकै समयमा अर्को ब्यक्ती अदालातमा तपाईं संगै छ भने र, तपाईंले सुरछित महसुस गर्नु भएन भने, पुलिस लाई भन्नुहोस्, तपाईंलाई सुरछित महसुस हुने ब्यबस्था मिलाउन सकिन्छ।

यो सम्झनु महत्वपूर्ण हुन्छकी हस्तछेप आदेश अदालत ले नबादले या रद्द नगरे सम्म काम गरिरहन्छ। यदी दोधार मा हुनुहुन्छ भने पुलिस सँग भैरहेको परिवर्तन को बारेमा सोध्न सक्नु हुन्छ। तपाईंले यो बूझ्नु साचिकै महत्वपूर्ण हुन्छ कि  हस्तछेप आदेश कसरी काम गरिरहेको छ र यस्ले तपाईंलाई कसरी सुरछित गरिरहेको छ।

## यदी अर्को मान्छे ले आदेश तोडे के हुन्छ ?

यदी आरोपित ब्यक्ती ले आदेश मा भएको कुनै पनि सर्त तोडेमा, यस्लाई आदेश को उल्लघन भनिन्छ। यो अपराधीक काम हो र आरोपित लाई मुद्दा लगाउन सकिन्छ।

तपाई होसियार हुनु पर्छ, त्यस्तो कुनै काम नगर्नु जस्ले गर्दा आरोपित ली आदेश को **उल्लघन** गाह्रोस। उदाहरण को लागि यदी अर्को मान्छे लाई तपाईंलाई भेट्ने अनुमती छैन भने, तपाईंले पनि उनिहरुलाई  भेट्न र संपर्क गर्न हुँदैन।

यदी आरोपित ले तपाईंको उपस्थिती मा आदेश को उल्लघन गर्‍यो अथवा तपाईंलाई लाग्यो कि तपाईं खत्रा मा हुनुहुन्छ, तपाईंले तुरुन्त १३१४४४ (अथवा एकदम जरुरी मा ०००) मा फोन गर्नु पर्छ, त्यस्पछी तपाईंलाई मदत् गर्न पुलिस पठाउन सकिन्छ।

यदी तपाईंलाई लाग्छ कि आदेश को उल्लघन भएको छ तर तपाईं तुरुन्त खत्रा मा हुनुहुदैन ( उदाहरण, आरोपी ले तपाईंलाई सर्त हरुको बिरोध मा फोन गर्‍यो), **तपाईंले यस्लाई स्थानिय पुलिस चौकी मा भन्नु पर्छ** जस्ले गर्द पुलिस ले सत्य तथ्य को अनुसन्धान गर्न सक्छ।

सम्झनुहोस् तपाईंको हस्तछेप आदेश त्यत्ती नै प्रभाबकारी हुन्छ जती तपाईं यस्लाई गराउनु हुन्छ। सबै उल्लघन हरु राम्रो सँग बताउनुहोस।

## पारिवारिक अदालत को आदेश मा के हुन्छ ?

यदी बच्चाहरु समाबेश छन भने, तपाईंलाई पारिवारिक अदालत आदेश को लागि पारिवारिक अदालतमा निबेदन दिनु पर्छ कि पर्दैन भनेर निधो गर्ने **कानुनी सहायता र सल्लाह लिना पर्ने हुन सक्छ।** केही मुद्द हरु मा तपाईं सँग पहिलेकै पारिवारिक अदालत आदेश हुन सक्छ।

यो सम्झन महत्वपूर्ण हुन्छ कि **पारिवारिक अदालत आदेश मा भएका सर्तहरुले हस्तछेप आदेश मा भएका कुनै सर्तहरु लाई निस्कृय बनएको हुन सक्छ।** पुलिस ले तपाईंलाई यस्को अर्थ लगाउन सक्छन।

# यदी मलाई हस्तछेप आदेश परिवर्तन गर्नु परे के हुन्छ ?

यदी तपाईंको अवस्था परिवर्तन भयो र तपाई हस्तछेप आदेश मा भएको कुनै सर्त परिवर्तन गर्न चाहनु हुन्छ या आदेश रद्द गर्न चाहनु हुन्छ भने, तपाईंले पुलिस लाई संपर्क गर्नु पर्छ र उनिहरुलाई भन्नु पर्छ कि किन तपाईं आदेश मा परिवर्तन गर्न चाहनु हुन्छ भनेर।

- महानगरिय क्षेत्रमा पारिवारिक हिन्सा अनुसन्धान बिभाग मा संपर्क राख्नुस्
- गाउ तिर स्थानिय पुलिस चौकी मा संपर्क गर्नुस्

आदेश लाई परिवर्तन गर्न या रद्द गर्न को लागि अर्को अदालती सुनुवाई को मिती तय गर्नु पर्छ। यो बूझ्नु जरुरी छ कि केबल अदालत ले मात्र आदेश परिवर्तन गर्न र रद्द गर्न सक्छ। तपाई र अर्को मान्छे मात्र सहमत् भएर आदेश परिवर्तन य रद्द हुँदैन।

तपाई र अर्को मान्छे दुबै जनालाई सुनुवाई को मिती र समय बताइने छ। तपाई यस्को लागि अदालत मा उपस्थित हुनु पर्छ। प्रायजसो अर्को मान्छे नि उपस्थित हुनु पर्छ तर जहिले सुकै पर्दैन।

**पुलिस र अदालत ले जन्दछन् कि कहिले काही परिस्थिती राम्रो तिर परिवर्तन हुन्छ र आदेश पनि परिवर्तन गर्न पर्न सक्छ। तर पनि पुलिस लाई तपाईं अजै पनि सुरछित हुनु हुन्छ भन्ने सन्तुस्टी महसुस गर्नु पर्छ र तपाईं लाई आदेश परिवर्तन गरन को लागि जोर लगाइएको छैन, जस्ले गर्दा तपाईंको परिवार लाई खतरा बडाऊछ, भन्ने प्रस्ट हुनु पर्छ।**

**कहिलेकाही, पुलिस लाई यस्को करण ले तपाईंको परिवार अरु घरेलु हिन्सा बाट प्रभाभित हुन्छन भन्ने लाग्यो भने तपाईंको लागि अदालत मा उपस्थित हुन सहमत् हुँदैनन।**

## मद्दत् को लागि कहाँ फोन गर्ने ?

अती जरुरी अवस्थामा ०००

पुलिस को मद्दत् को लागि १३१४४४

महानगरिय क्षेत्रमा, स्थानिय पारिवारिक हिन्सा अनुसन्धान बिभाग मा संपर्क गर्नुस्

यद्लेड ८१७२५८९० अफिस सम्ए भन्दा अगि पछी ८१७२५०००

एलिजबेथ ८३०७९५८१ अफिस सम्ए भन्दा अगि पछी ८२०७९४११

होल्डेन्हिल ८२०७६१५० अफिस सम्ए भन्दा अगि पछी ८२०७६०००

पोर्ट्यद्लेड ८२०७६४१३ अफिस सम्ए भन्दा अगि पछी ८२०७६४४४

दि्शनी ट्तब्र्ती ८३९२९१७२ अफिस सम्ए भन्दा अगि पछी ८३९२९०००

स्तुर्त ८२०७४८०१ अफिस सम्ए भन्दा अगि पछी ८२०७४७००

गाऊबस्ती तीर भने त्येहिको प्रहरी चौकी मा संपर्क राख्नु होला

यदी तपाईं को मात्री भाषा अङ्रेजी हैन र घरेलु हिन्साबाट पीडित हुनुहुन्छ भने, र हस्तछेप आदेश को बारेमा बुझ्न सहयोग चहिए देखी, कृपया **'मिग्रन्त वोमेन सुप्पोर्त सर्भिस' म संपर्क गर्नु फोन ८३४६९४१७ मा फोन गर्नु।**

सस्था हरुको सुची, जुन सस्था हरु तपाईंलाई घरेलु हिन्साको पीडित को रुपमा सहयोग गर्छन्, त्यो नजिक को स्थानिय पुलिस चौकी मा उपलब्ध हुनेछ ।

यो प्रकाशन लाई प्रकाश मा ल्याउन मदत गर्नुहुने एश राज्यका सरकारी कर्मचारी एबम प्रहरी को सहयोग बाट जाना समुदाय बिच ल्येएको कुरा यहाँ इस्पस्टछ यो आफैमा कानून हैन योत केबल जान कारी मूलक बुलेटिन हो एश बाट कसैलाई हनी नोक्सनी परन गयेमा यो बुलेटिन को प्रकासक जबाफ देहि हुने छैन

©South Australia Police

२०१२ को माय महिनाको प्रकाशित भएको हस्त छेप आदेश को शुचना भन्ने बुलेटिन बाट सरमस मा निकलिएको हो यो सूचना को संछिप्त जानकारी प्रकाशन को जिम्मेबार उक्त बुलेटिन का प्रकासक को अधीन मा शुराछित रहनेछ

येदी तपाई लाई येसबारे धैरै जानकारी लिन चाहेमा तलको ठेगाना मा सोधन सक्नुहुनेछ

**South Australia Police**
**Corporate Communication Branch**
**Police Headquarters**
**GPO Box 1539**
**Adelaide 5001**